# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## माछापुच्छ्रे गाउँपालिका

कास्की




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## माछापुच्छ्रे गाउँपालिका

### कास्की




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## माछापुच्छ्रे गाउँपालिका

कास्की

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी


पत्र संख्याः २०७९।८०
च.नं. ४८ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख/अध्यक्ष ज्यू,
माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
कास्की।

**कैफियत सहितको राय**

हामीले माछापुच्छ्रे गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. माछापुच्छ्रे गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. २ करोड ८९ लाख १६ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु २१ लाख ९० हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २८ लाख ३३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ९१ लाख १९ हजार, नियमित गर्नुपर्ने रु ४१ लाख ८८ हजार र पेश्की ५ लाख ८६ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ५ करोड ६३ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष सम्परीक्षणबाट रु २३ लाख ४ हजार फछ्यौंट भइ हालसम्मको अद्यावधिक बेरुजू रु ७ करोड ४४ लाख ८५ हजार रहेको छ । माछापुच्छ्रे गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. माछापुच्छ्रे गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। माछापुच्छ्रे कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४० | ६२ | २८९१६ | ० | १७ | २१९० | ४० | ४५ | २६७२६ | २८३३ | ४१८८ | १९११९ | ० | ० | २३३०७ | ५८६ |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | २७ | बढी भुक्तानी रकम असूली | २२६४४ |
| २ | २९ | खेलकुद कार्यक्रम | २००००० |
| ३ | ३३ | प्रशिक्षण भत्ता बढी भुक्तानी | ६००० |
| ४ | ३६ | विद्यालय खेलकुद पोशाक | १७५९५ |
| ५ | ३९ | अनुगमन भत्ता | १९५५० |
| ६ | ४० | स्यानिटरी प्याड वितरण | ६२२६२१ |
| ७ | ५५ | बिल बेगर ढुवानी भुक्तानी | २४००० |
| ८ | ६५ | पेश्की फछ्यौंट | ११५७३५८ |
| ९ | ८० | मू अ कर बढी भुक्तानी | १५५६६ |
| १० | ८३ | सम्झौता अनुसारको कार्य नभएको | ११५०७२ |
| | | **जम्मा** | २२००४०६ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

( रु हजारमा )

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| माछापुच्छ्रे गाउँपालिका | ५००६३ | ० | २३०४ | ४७७५९ | ० | २६७२६ | | ७४४८५ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : माछापुछ्रे गाउँपालिका, कास्की , माछापुछ्रे गाउँपालिका , कास्की

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बेदहरी अधिकारी | २०७९-५-१५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | खेमराज देवकोटा | २०७७-११-११ | २०७८-११-१० |
| लेखा प्रमुख | सीता शर्मा पौडेल | २०७८-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २६,७२६,०८३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १२,९७,१९,०४३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३५,३६,३८,१९० | **चालु खर्च** | ३५,८९,७४,६९३ |
| **प्रदेश सरकारबाट अनुदान** | १,१३,१२,००० | **पूँजीगत खर्च** | १६,६०,८८,७५१ |
| **राजश्व बाँडफाँट** | ९,३६,२१,४२२ | **वित्तीय/अन्य व्यवस्था** | ११,८१,१७,७९० |
| **आन्तरिक आय** | ६,३७,९५,६२६ | | |
| **अन्य आय** | १५,०३,५५,४४२ | | |
| **कुल आय** | ६७,२७,२२,६८० | **कुल खर्च** | ६४,३१,८१,२३४ |
| **बाँकी मौज्दात** | | १५,९२,६०,४८९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ५४४।५८ वर्ग किलोमिटर क्षेत्रफल तथा २१६८६ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षण परिचय<br><br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन बैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>वित्तिय विवरण<br><br>
<table>
<tr><th colspan="4">प्राप्ती भुक्तानी हिसाव</th></tr>
<tr><th rowspan="2">विवरण</th><th colspan="3">यस वर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>प्राप्ति/भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td>५९३६१३९६५.०६</td><td>५४७६३९७५०.८३</td><td>५४७६३९७५०.८३</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>५६३९७४३६३.८२</td><td>५२२३६७२३९.५९</td><td>५२२३६७२३९.५९</td></tr>
<tr><td>११००० कर</td><td>९९८२८०००</td><td>९९२२८५१३.३३</td><td>९९२२८५१३.३३</td></tr>
<tr><td>१३००० अनुदान</td><td>४३०८९६०००</td><td>३६४९५०१९०.१८</td><td>३६४९५०१९०.१८</td></tr>
<tr><td>संघीय सरकार</td><td>४०९५८४०००</td><td>३५३६३८१९०.१८</td><td>३५३६३८१९०.१८</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| प्रदेश सरकार | २१३१२००० | ११३१२००० | ११३१२००० |
| १४००० अन्य राजस्व | ३३२५०३६३.८२ | ५८१८८५३६.०८ | ५८१८८५३६.०८ |
| ख. अन्य प्राप्ति | २९६३९६०१.२४ | २५२७२५११.२४ | २५२७२५११.२४ |
| वितरण गर्न बाकी राजस्व | ० | १९३५९४८३ | १९३५९४८३ |
| कोषहरु | २९६३९६०१.२४ | ३०५१४०१.२४ | ३०५१४०१.२४ |
| धरौटी | ० | २८६१६२७ | २८६१६२७ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ६९३९०८३८८.५८ | ५२५०६३४४४.४७ | ५२५०६३४४४.४७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ६६४२६८७८७.३४ | ५१०४५३२८८.८६ | ५१०४५३२८८.८६ |
| २१००० पारिश्रमिक / सुविधा | २२६४५८६०८ | २०६३८०६७९.८६ | २०६३८०६७९.८६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १४४७७५६२६.५९ | १०९७९५०९५.३८ | १०९७९५०९५.३८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २५००० सहायता (Subsidy) | ३०६८००० | ३०२२४९८ | ३०२२४९८ |
| २६००० अनुदान | ११९४४००० | १०९०१३०१ | १०९०१३०१ |
| २७००० सामाजिक सुरक्षा | ९६७६००० | ४३८७४०० | ४३८७४०० |
| २८००० अन्य खर्च | ११७४४५१०.५९ | ९८७७५६३.५९ | ९८७७५६३.५९ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २५६६०२०४२.१६ | १६६०८८७५१.०३ | १६६०८८७५१.०३ |
| घ. अन्य भूक्तानी | २९६३९६०१.२४ | १४६१०१५५.६१ | १४६१०१५५.६१ |
| कोषहरु | २९६३९६०१.२४ | १३२१९२०० | १३२१९२०० |
| धरौटी | ० | १३९०९५५.६१ | १३९०९५५.६१ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | -१००२९४४२३.५२ | २२५७६३०६.३६ | २२५७६३०६.३६ |
| च. गतवर्षको जिम्मेवारी | | १२९७१९०४३.८१ | १२९७१९०४३.८१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>रकम (अ.ल्या)</td><td></td><td></td><td></td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td>-१००२९४४२३.५२</td><td>१५२२९५३५०.१७</td><td>१५२२९५३५०.१७</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td></td><td>१५९२६०४८९.१७</td><td>१५९२६०४८९.१७</td></tr>
</table>
<table>
<tr><td>अन्तरसरकारी अख्तियारीतर्फको आम्दानी तथा खर्च विवरण</td><td></td><td></td><td></td></tr>
<tr><th>आम्दानी</th><th>रकम</th><th>खर्च</th><th>रकम</th></tr>
<tr><td>गरिबसँग विश्वेश्वर</td><td>६७३०००</td><td>गरिबसँग विश्वेश्वर</td><td>६७३०००</td></tr>
<tr><td>सामाजिक सुरक्षा तथा संरक्षण</td><td>१५१००४९२८</td><td>सामाजिक सुरक्षा तथा संरक्षण</td><td>१५१००४९२८</td></tr>
<tr><td>जम्मा</td><td>१५०३५५४४२</td><td>जम्मा</td><td>१५०३५५४४२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असूली<br><br>लेखापरीक्षणको क्रममा रु २९७५९६ असूली भइ दाखिला गरेको प्रमाण पेश भएको छ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तिय विवरणको विश्लेषणः<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म=ले=प=फा= नं= २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन। • स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन ।जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ। • पालिकाको सुत्रको वित्तिय प्रतिवेदनमा गत वर्षको वैक तथा नगद वाँकि रु.१७१५००२८५।४९ देखिएकोमा पालिकाले यस वर्ष रु.१२९७।१९०४३।८१ जिम्मेवारी सारेको देखिन्छ।वैक तथा नगद</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बाँकि रहेको रकम सम्पुर्ण जिम्मेवारी सार्नुपर्नेमा घटी सारेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार गरि अद्यावधिक गर्नुपर्ने देखिन्छ। • पालिकाको विभाज्य कोषमा जम्मा भएको रकममध्ये प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.१०३२१३८१।०० आर्थिक वर्षको अन्त्यमा वाँडफाँड गर्नपर्नेमा लेखापरीक्षणको क्रममा प्रदेश सञ्चित कोषमा दाखिला गरेको छ।पालिकाले समयमै विभाज्य कोषको रकम वाँडफाँड गरी वित्तिय प्रतिवेदन तयार गर्नुपर्दछ। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन । | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छनः<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले गाउपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 7(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शिर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन ।<br>• निजामती सेवा ऐन, 2049 दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,<br>• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • निजामती सेवा ऐन, 2049 को दफा ५ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको तथा भएकोमा समेत निस्क्रियताको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,<br>• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ क मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको, तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **बैक हिसाब मिलान नगरेको**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म=ले=प=फा= नं= २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको विभिन्न खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको देखिएन। पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी श्रेष्ता अद्दावधिक गर्नुपर्दछ। | |
| ८ | | | **सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा प्रयोगमा नआएको:** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन।पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ। | |
| ९ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १२१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १०५ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सि अ हे व, प्रशासन छैठौं सहित १६ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ। | |
| १० | | | **योजना र कार्यान्वयन:**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन। | |

| क्र सं | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | ६४ | ५७००००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | १४४ | ४०८२७००० |
| ३ | रु ५ लाख एक देखि १० लाख सम्मका योजना | ९ | ६६००००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ५ | १६०००००० |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | ४ | ५०३००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **क्षेत्रगत बजेट र खर्च**<br><br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विवरण</td><td>वार्षिक वजेट</td><td>खर्च रकम</td><td>खर्चको प्रतिशत</td></tr>
<tr><td>आर्थिक विकास</td><td>४३३७४९०१</td><td>३६२५९६४९</td><td>८३</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२९०४७२३८२</td><td>२४५००८८२१</td><td>८४</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१६२७३३२९७</td><td>९६६६०६४८</td><td>५९</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>१७६४१७९४</td><td>१४२७०१५६</td><td>८१</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१५००४६४१३</td><td>११८२५४०१५</td><td>७८</td></tr>
<tr><td>जम्मा</td><td>६६४२६८७८७</td><td>५१०४५३२८९</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>
कार्यक्रमगत प्रगती:<br><br>
पालिकाले तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शुन्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:
<table>
<tr><td>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</td><td>विनियोजन</td><td>खर्च</td></tr>
<tr><td>लाहाचोक खानेपानी आयोजना</td><td>११६००</td><td>०</td></tr>
<tr><td>गाउँपालिका समपुरक कोष</td><td>११३१२</td><td>०</td></tr>
<tr><td>कोलचोक रातोपानीपु भलाबोट पानपातेचौतारा गाउँपालिका केन्द्र जोगीचौर पातिखोला भिडाबारी गैरागाउँ धिताल धम्पुस देउराली सडक निर्माण</td><td>१००००</td><td>०</td></tr>
<tr><td>गाउँपालिका समपुरक कोष</td><td>५५८२</td><td>०</td></tr>
<tr><td>धिताल खानेपानी आयोजना</td><td>४६००</td><td>०</td></tr>
<tr><td>लास्ती खोला, खानीपानी मुहान झो.पु, भुजेलथर खहरे खोल्सा झो.पु, माछापुच्छ्रे गाउँपालिका, कास्की</td><td>१५००</td><td>०</td></tr>
<tr><td>एम्बुलेन्स खरिद</td><td>१२००</td><td>०</td></tr>
<tr><td>प्रशासकीय भवनको लागि आवश्यक जग्गा खरिद तथा व्यवस्थापन</td><td>११८३</td><td>०</td></tr>
<tr><td>प्रशासकीय भवनको लागि आवश्यक जग्गा खरिद तथा व्यवस्थापन</td><td>८१६</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सोलार बत्ती जडान</td><td>८००</td><td>०</td></tr>
<tr><td>केश बेशको आधारमा जोखिम भत्ता लगायत कर्मचारी व्यवस्थापन र सो सँग सम्बन्धित औषधीजन्य सामग्रीहरु समेत आवश्यक व्यवसथापन</td><td>७००</td><td>०</td></tr>
<tr><td>२ नं. वडा कार्यालय भवनमा ट्रस निर्माण</td><td>५००</td><td>०</td></tr>
<tr><td>खानेपानी मूल समिति अनुदान</td><td>५००</td><td>०</td></tr>
<tr><td>भिडावारी प्राथमिक स्वास्थ्य केन्द्रको लागी जग्गा खरिद</td><td>३२५</td><td>०</td></tr>
<tr><td>सुनार वस्ती सामुदायिक वस्तीको भण्डारण कोठा निर्माण</td><td>३००</td><td>०</td></tr>
<tr><td>उन्नत वीउ वितरकलाई प्रोत्सहान अनुदान</td><td>२००</td><td>०</td></tr>
<tr><td>५०%25 अनुदानमा भकारो सुधार कार्यक्रम</td><td>१८०</td><td>०</td></tr>
<tr><td>रोजगार सेवा केन्द्रको सुदृढिकरण (कम्प्यूटर, फर्निचर फिक्चर्स, क्यामरा, अन्य विद्युतीय उपकरण)</td><td>१७०</td><td>०</td></tr>
<tr><td>ढाँड खोला ट्रस पुल निर्माण</td><td>१५०</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>
चौमासिक पूँजीगत खर्च<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलब्ध हुने चौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये तेश्रो चौमासीकमा मात्र कुल खर्चको 45.42 प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासीक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>वजेट शिर्षक</th><th>कुल खर्च</th><th>प्रथम चौमासिक खर्च</th><th>दोस्रो चौमासिक खर्च</th><th>तेस्रो चौमासिक खर्च</th><th>असारको खर्च</th></tr>
<tr><td>विभिन्न</td><td>१६६०८८७५१.०३</td><td>१४६२०९६९</td><td>३४९१५५८८</td><td>११६५५२१९४.०३</td><td>७४६५१७६२</td></tr>
<tr><td>खर्चको प्रतिशत</td><td>१००</td><td>८.८</td><td>२१.०२</td><td>७०.१७</td><td>४४.९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>कानुन निर्माण:</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १३ ऐन, ५ नियमावली, ३ निर्देशिका १ आचारसहिता, ३८ कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १५ | | | **न्यायीक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ११ र यो बर्ष थप भएको २४ गरी कुल ३५ विवाद दर्ता भएकोमा ६ वटा मात्र फछ्र्यौट भई २९ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १६ | | | **सेवा प्रवाहः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ७१६ तथा मृत्यु दर्ता २६६ वटा, नाता प्रमाणित ८९२ वटा, नागरीकता शिफारिश १४३४ वटा, बसाईसराई ६९ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो।पालिकाले सम्वन्ध विच्छेद, पञ्जीकरण दर्ता तथा सिफारिश सम्बन्धमा अभिलेख राखेको छैन । पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| १७ | | | **राजस्व फिर्ताः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८(१) मा राजस्व उठाउने कार्यालयले प्राप्त राजस्वलाई सरकारी कारोबार गर्ने बैकमा नन अपरेटिभ रेभिन्यू अकाउन्टमा जम्मा गर्नुपर्ने , नियम ५८(२) मा जम्मा भएको राजस्व अन्य प्रयोजनको लागि झिक्न नपाइने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको फर्मसँग ढुंगा गिट्टी ह्यार्भेस्टिङको ठेक्का सम्झौता गरि राजस्व प्राप्त गरेकोमा उक्त घाटहरु अन्नपूर्ण संरक्षण क्षेत्रको अधिकारक्षेत्र भित्र परेको सम्बन्धमा अदालतको फैसला तथा राजस्व परामर्श समितिको निर्णयका आधारमा सम्बन्धित फर्मलाई राजस्व फिर्ता गरेको छ ।क्षेत्राधिकार सुनिश्चित गरेर मात्रै राजस्व ठेक्का प्रकृया अघि बढाउनुपर्नेमा सो नगरेकोले पालिकालाई प्राप्त भएको रु ७१९४९३१ राजस्व गुमाउनु परेको देखियो । | |

| गो भौ नं मिति | कन्स्ट्रक्सन फर्म | रकम |
|---|---|---|
| **हार्भेस्टिङतर्फ** | | |
| ३४।२०७८।०६।१८ | सुनापति हिलदेवी कन्स्ट्रक्सन प्रा लि | ५४५१५० |
| ६४।२०७८।०६।२४ | जि सी कन्स्ट्रक्सन | ८९१०९७ |
| ९८।२०७८।०८।१३ | बाटुलेचौर कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ४१७३२२ |
| | जि सी इन्जिनियरिङ एण्ड बिल्डर्स | ४६६५१७ |
| | फेउसरका बराह क्रसर उद्योग प्रा लि | २३३६३५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td colspan="3">घाटतर्फ</td></tr><tr><td>७०।२०७८।०७।०९</td><td>जे डि एस कन्स्ट्रक्सन</td><td>४६४१२१०</td></tr><tr><td colspan="2">जम्मा</td><td>७१९४९३१</td></tr></table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>खाना तथा विविध खर्च<br><br>– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शिर्षकवाट 36 लाख 54 हजार खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानाकारी गराएको छ।।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>अनुगमन तथा भ्रमण खर्चः<br><br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु ३९ लाख ९८ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>कार्य क्षेत्र अधिकार वाहिरको कार्यः<br><br>स्थानिय सरकार संञ्चालन ऐन, २०७४ को दफा १६(४) “क” मा पालिका अध्यक्ष वा प्रमुखको काम, कर्तव्य र अधिकार र सोही ऐनको दफा ८४(२) मा प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ।पालिकाले लाचोक घाटको नदीजन्य पदार्थ उत्खनन गर्न जि सी कन्स्ट्रक्सनसँग कवोल अंक रु. १४१२७०७।०० मा प्रथम किस्ता वापत रु. ७०६३५४ प्राप्त गरी दोस्रो किस्ता वापतको रकम रु. ७०६३५३ फागुन मसान्तसम्म प्राप्त गर्ने सम्झौता गरेको देखिन्छ। प्रमुख प्रशासकीय अधिकृतले सम्झौता अनुसार दोस्रो किस्ता वापतको रकम समयमै दाखिला नभएकाले चलानी नं. २२१४ मिति २०७९।०३।१९ मा प्रभु बैंक माछापुच्छ्रे शाखालाई उक्त कन्स्ट्रक्सनको वैंक जमानत जफत गरिदिन पत्र पठाएकोमा चलानी नं. २२३७ मिति २०७९।०३।२१ मा पालिका अध्यक्षद्धारा बैंक जमानत जफत गर्ने कार्य हाल स्थागन गरी मिति २०७९।०४।०१ देखि लागु हुने गरी ३ महिना म्याद थप गरिदिन पत्र पठाएको देखिन्छ। पालिकाले निरन्तर ताकेता गर्दा चलानी नं. ०४४ मिति २०७९।०७।३० मा प्रभु बैंक माछापुच्छ्रे शाखाले उक्त जि सि कन्स्ट्रक्सनको बैंक जमानत मिति २०७९।०६।३१ देखि समाप्त भई जफत गर्न असमर्थ रहेको जानकारी गराएको छ।यसरी वैक जमानत सम्वन्धमा पदाधिकारी तथा कर्मचारीको छुट्टाछुट्टै पत्रका कारण राजश्व दाखिला हुन नसकेको अवस्थामा सम्वन्धितलाई जिम्मेवार वनाई उक्त रकम असुल गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>वितरणमुखी खर्च<br><br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक तथा वितरणमुखी प्रयोजनमा रु. २८ लाख ४१ हजार खर्च गरेको देखिन्छ।यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| भौ न | कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम | रकम |
|---|---|---|
| २८।२०७८।०६।०६ | नेपाल आदिवासी जनजाति पत्रकार महासंघ | १००००० |
| ४४।२०७८।०६।२० | वडा नं ६ ज्येष्ठ नागरिकलाई टर्च लाइट वितरण | २२००० |
| ८४।२०७८।०८।०२ | वडा नं ७ ज्येष्ठ नागरिकलाई टर्च लाइट वितरण | २२००० |
| ९७।२०७८।०८।१३ | वडा नं ९ ज्येष्ठ नागरिकलाई टर्च लाइट वितरण | २०००० |
| १०६।२०७८।०८।२० | वडा नं १ दलित समूदायलाई फर्निचर तथा भाँडाकुडा वितरण | १००००० |
| ११०।२०७८।०८।२२ | वडा नं १ ज्येष्ठ नागरिकलाई टर्च लाइट वितरण | २२००० |
| २०७८।०८।२७ | अपाङ्गता सञ्जाल माछापुच्छ्रेका बालबालिकालाई स्टेशनरी वितरण | १००००० |
| १५३।२०७८।१०।०५ | ज्येष्ठ नागरिक दिवसमा फाइबर सिरक वितरण | २०००० |
| १७७।२०७८।१०।१६ | ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण | १६५७२० |
| १८२।२०७८।१०।१७ | वडा नं २ महिला सीपमूलक तालिमका लागि चल्ला वितरण | ८५००० |
| १९१।२०७८।१०।२७ | मौला मन्दिर रंगरोगन कार्यक्रम | ४८००० |
| २१३।२०७८।११।०९ | वडा नं २ ज्येष्ठ नागरिक र अपाङ्गलाई सिरक वितरण | २००००० |
| २२७।२०७८।११।२९ | दलित अति विपन्न विद्यार्थी सहयोग कार्यक्रम | १५०००० |
| २२८।२०७८।११।२९ | वडा नं १ मा तरकारी वितरण | ९८८६० |
| २३१।२०७८।११।३० | वडा नं ५ मा तरकारी वितरण | ७९४६५ |
| २२९।२०७८।११।३० | अपाङ्गता व्षक्तिका लागि प्लास्टिक टनल र कुखुरा चल्दा वितरण | ४००००० |
| ३११।२०७९।०१।१६ | ज्येष्ठ नागरिकलाई ब्लान्केट वितरण | २००००० |
| ३७५।२०७९।०२।१९ | विभिन्न प्रहरी चौकीका लागि मौला पूजाका लागि सहयोग | ५८८८४ |
| ३८४।२०७९।०२।२५ | वडा नं १ उपभोक्ता समितिलाई पञ्चेबाजा र सुधारिएको आरन वितरण | १५०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४०६।२०७९।०३।०२</td><td>वडा नं ६ नौमति बाजा समूहलाई बाजा वितरण</td><td>३०००००</td></tr>
<tr><td>४२१।२०७९।०३।१०</td><td>वडा नं ६ का विद्यालयलाई शैक्षिक सामग्री वितरण</td><td>३४९८६१</td></tr>
<tr><td>४३६।२०७९।०३।१४</td><td>वडा नं ४ बाजा खरिद वितरण</td><td>१५००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२८४१७९०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>
पेश्की बाँकी:<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फछ्यौंट गर्ने सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायवमोजिम कर्मचारी तथा निर्माण व्यवसायीलाई पेश्की दिएकोमा पेश्की हालसम्म फछ्यौंट नगरेकोले उक्त पेश्की फछ्यौंट गर्नुपर्ने रु ४७७२२७.६३
<table>
<tr><th>गो. भौ. न.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</th><th>रकम</th></tr>
<tr><td>२६</td><td>गाउँपालिका केन्द्र - धिताल - धम्पुस देउराली ग्रामिण सडक</td><td>आई.डि.कन्सट्रक्सन</td><td>१९५३०१८.</td></tr>
<tr><td></td><td>म्याद सकिएको पेश्की</td><td></td><td></td></tr>
<tr><td>२५७</td><td>विद्युत व्यवस्थापन/ पर्यटन प्रवर्द्धन कार्यक्रम</td><td>नेपाल विद्युत प्राधिकरण पोखरा वितरण केन्द्र,पोखरा</td><td>९७,२२७.६३</td></tr>
<tr><td>३९४</td><td>समपूरक कोष</td><td>नेपाल विद्युत प्राधिकरण पोखरा वितरण केन्द्र,पोखरा</td><td>३८००००</td></tr>
<tr><td></td><td>म्याद सकिएको पेश्की</td><td></td><td>४७७२२७.६३</td></tr>
<tr><td></td><td>कुल पेश्की</td><td></td><td>२४३०२४५.६३</td></tr>
</table>
</td><td>४७७,२२७</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>
समानिकरण अनुदानबाट शिक्षकको तलब भत्ता<br><br>
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।नमुना छनौटका आधारमा लेखापरीक्षण गर्दा पालिकाले स्वीकृत दरबन्दी वेगर पालिकावाट तलव भत्ता खाने गरी निम्न विद्यालालाई रु. १०१८५००।०० निकासा दिई खर्च लेखेको देखिन्छ। पालिकाभित्रका विद्यालयलयको स्विकृत शिक्षक दरवन्दी पुर्ण रुपमा पदपुर्ती भई शिक्षकहरु कार्यरत रहेको अवस्थामा समेत वडा तथा पालिका कार्यालयवाट निर्णय गरी वजेट विनियोजन तथा रकमान्तर गरी विद्यालयलाई विभिन्न शिर्षकमा अनुदान दिइएको देखिन्छ।अनुदान पश्चात सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक सुधारको सम्वन्धमा अनुगमन गरी सुधार नभएको विद्यालयलाई पालिकाको आन्तरिक स्रोतको अनुदान निकासा नदिने वा रोक्का गर्ने सम्वन्धमा अनुगमन तथा मुल्यांकन भएको देखिदैन।पालिकाले सार्वजनिक स्रोतको खर्चपश्चात सोको प्रतिफलको अध्ययन गरी पुन सोही शिर्षकमा अनुदान निकासा गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>रकम</th></tr>
</table>
</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| १०९ | बालकल्याण आ वि अनुदान | १००००० |
| १३९ | निष्पक्ष मा वि अनुदान | २०१००० |
| | मातृभाषा शिक्षक अनुदान | ६०००० |
| २२१ | सरस्वती आ वि अनुदान | १४८००० |
| २३३ | निष्पक्ष मा वि अनुदान | १८९५०० |
| २९६ | मातृभाषा शिक्षक अनुदान | ६०००० |
| २५६ | कृष्ण महादेव आ वि | २००००० |
| २२३ | जनप्रिय आ वि अनुदान | ६०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **विद्युतिय हाजिरीको पुर्ण प्रयोग नभएको**<br><br>सार्वजनिक खरिद नियमावलीको नियम ५ क अनुसार सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान खरिद गर्नुपुर्व ऐनको दफा ४ वमोजिमको स्पेशिफिकेशन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता तथा अन्य विवरण तयार तथा स्विकृत गरी आवश्यकता र औचित्यताका आधारमा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष पालिका स्थित कार्यालयको लागी १, विद्यालयहरुका लागि १०, वडा स्थित कार्यालयका लागि ९ वटा साथै स्वास्थ्य संस्थाका लागि १० थान विद्युतिय हाजिरी खरिद गरी भौ नं ३३४ वाट कडरेन वेब डेभेलपमेन्ट सेन्टर काठमाडौं लाई रु.९८३१००।०० भुक्तानी गरेको देखिन्छ।विद्युतिय हाजिरी सम्वन्धमा पालिकामा छलफल गर्दा कार्यालयमा विद्युतिय र म्यानुअल दुवै हाजिरी प्रयोगमा रहेको तथा विद्युतिय हाजिरीमा काज तथा विदा सम्वन्धमा व्यवस्था नभएकोले म्यानुअल हाजिरी समेत प्रयोग गर्नुपरेको कार्यालयको भनाई रहेको छ।साथै अन्य कार्यालयमा विद्युतीय हाजिरीको पूर्ण प्रयोगमा आए नआएको सम्बन्धमा सुनिश्चित हुन सकिएन। यसरी विद्युतिय हाजिरी खरिद गरेकोमा म्यानुअल हाजिरी समेत प्रयोग गरेको देखिएकोले खरिद कार्य औचित्यपूर्ण भएको देखिएन । पालिकाले खरिदपुर्व गर्नुपर्ने सम्पुर्ण तयारी पुरा भईसकेपश्चात मात्र खरिद गर्नुपर्दछ। | |
| २५ | | | **राष्ट्रिय परिचयपत्र विवरण दर्ता अभियानको खर्च**<br><br>राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट स्थानीय तहका वडाहरुमा तथ्यांक तथा विवरण संकलनका लागि खटिएको घुम्ती टोलीलाई विभागबाट नै भ्रमण खर्च नियमावली २०६४ बमोजिम सुविधा प्रदान गरिने व्यवस्था छ । यस पालिकामा विवरण दर्ता अभियानका लागि ९ वटा वडामा खटिएका विवरण संकलकहरुको खाजा खाना वापत रु ५४३३४५ खर्च भएको देखियो ।यसरी केन्द्रबाटै सुविधा तोकिएका कर्मचारीलाई खाजा खाना वापत गरेको खर्च नियमित नदेखिएको रु... | ५४३,३४५ |
| २६ | | | **दुग्ध कृषकलाई उत्पादनमा आधारित अनुदान** | ३१९,७३४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले गो भौ नं ३३२।२०७९।०१।२२ बाट निम्न दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई कार्यविधिमा उल्लेखित प्रति लिटर रु २५ पैसाका दरले अनुदान उपलब्ध गराउनुपर्नेमा रु ५० पैसाका दरले उपलब्ध गराएको साथै प्रतिभा सामिजिक उधमी महिला माछापुच्छ्रे गा.पा. ४. ले बिक्री विवरणबाट पुष्टी हुने बिक्री परिमाण भन्दा बढी परिमाण बराबरको अनुदान रकम माग गरेकोमा बढी भुक्तानी भएको अनुदान रकम सम्बन्धितबाट असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.. | |

| सहकारी संस्थाको नाम | सहकारीको माग अनुसारको बिक्री परिमाण (लिटर) | बिक्री विवरण अनुसारको बिक्री परिमाण (लिटर) | अनुदान दिनुपर्ने रकम | अनुदान दिएको रकम | बढी अनुदान रकम |
|---|---|---|---|---|---|
| भेडावारी दुग्ध उत्पादक सहकारी संस्था लि | ८१७७९ | ८१७७९ | २०४४४ | ४०८८९ | २०४४५ |
| हिम शिखर दुग्ध उत्पादक सहकारी संस्था लि. | १०४६५० | १०४६५० | २६१६२ | ५२३२५ | २६१६३ |
| घाचोक दुग्ध उत्पादक सहकारी संस्था लि. | २८२०८३ | २८२०८३ | ७०५२० | १४१०४१ | ७०५२१ |
| प्रतिभा सामिजिक उधमी महिला माछापुच्छ्रे गा.पा. ४. | ५५६७४० | ५३८२०६ | १३४५५१ | २७८३७० | १४३८१९ |
| पिपलबोट दुग्ध उत्पादक सहकारी संस्था लि | १५३१५५ | १५३१५५ | ३८२८८ | ७६५७७ | ३८२८९ |
| माछापुच्छ्रे एकता दुग्ध उत्पादक सहकारी सं.लि. | ८१९९१ | ८१९९१ | २०४९८ | ४०९९५ | २०४९७ |
| **जम्मा** | | | **३१०४६३** | **६३०१९७** | **३१९७३४** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **बढी भुक्तानी**<br>*..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु. २२६४४।- सम्परीक्षण गरिएको ।)* | ० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>ड्राइभिङ तालिम<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले १८ जना विपन्न महिलाहरुलाई ३५ दिने चारपाङ्ग्रे सवारी साधनको ड्राइभिङ तालिमका लागि प्रति सहभागी रु. १२००० का दरले फ्रेण्डसिप ड्राइभिङ स्कुल एण्ड प्रि टेस्ट सेन्टरलाई रु २१६००० भुक्तानी गरेको छ। ड्राइभिङ सेन्टरबाट १८ सहभागीले तालिम लिएको विवरण पेश भए पनि सहभागीको वास्तविक हाजिरी पेश गरेको पाइएन। वास्तविक हाजिरी पेश नभएबाट सम्बन्धित सहभागीले पूरा अवधिभर तालिम लिए नलिएको सम्बन्धमा विश्वस्त हुन सकिएन। ।त्यसै गरी तालिम सञ्चालन पश्चात तालिमको उपलब्धी तथा सोवाट सिर्जित रोजगारी सम्बन्धमा हालसम्म कुनै प्रतिवेदन तयारी गरेको देखिदैन।तालिम लिएको प्रमाण र यसबाट प्राप्त उपलब्धीको लेखांकन नगरी भएको खर्च नियमित नदेखिएको रु..</td><td>२१६,०००</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>खेलकुद कार्यक्रम<br><br>..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९। १२ ।१६ को निर्णयबाट रु. २०००००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>तालिम सञ्चालन सम्बन्धमा<br><br>पालिकामा विभिन्न तालिम, गोष्ठी, अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेशले खर्चको मापदण्ड जारी गरेको छ। मापदण्डमा प्रशिक्षकलाई पारिश्रमिक भुक्तानी गर्दा कार्यपत्र संलग्न गरेर भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख छ। तालिम, गोष्ठी, अभिमुखीकरण सञ्चालन गर्दा तालिमको उद्देश्य तथा प्रकृति बमोजिम सहभागीको नामावली संकलन, विषयवस्तुको छनौट, विषयवस्तुका जानकार र विज्ञको व्यवस्थापन, तालिम सामग्री तथा तालिम हलको व्यवस्थापनका सम्बन्धमा पर्याप्त गृहकार्य गर्नु पर्ने हुन्छ। पालिकाले विभिन्न तालिम, गोष्ठी, अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरेकोमा अधिकांश कार्यक्रममा आवश्यकता तथा क्षमता भन्दा बढी सहभागी समावेश गरेको, कार्यक्रमको तालिका तथा विषयसूची नबनाएको, तालिमको विषयवस्तु अनुसारको विज्ञ छनौट नगरेको, कर्यपत्र तयारी नगरेको साथै प्रशिक्षकलाई कार्यपत्र बेगर नै प्रशिक्षण भत्ता भुक्तानी गरेको देखियो। त्यसै गरी नर्मसको प्रयोग र पालनामा समेत एकरुपता देखिएन। पालिकाले तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्डलाई कडाइका साथ प्रयोग गर्नुपर्ने देखिन्छ।त्यसै गरी तालिम सञ्चालन पश्चात तालिमको उपलब्धी तथा सोवाट सिर्जित रोजगारी तथा राजश्व आम्दानी सम्बन्धमा हालसम्म कुनै प्रतिवेदन तयारी गरेको देखिदैन। हरेक वर्ष तालिम तथा कार्यक्रममा खर्च हुँदै आएकोमा सोको समिक्षा गरी उत्पादन तथा रोजगारी वृद्धि गर्ने प्रकृतिका तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।
<table>
<tr><td>गो भौ नं मिति</td><td>तालिमको विवरण</td><td>खर्च रकम</td></tr>
<tr><td>७६।२०७८।१०।१६</td><td>वडा नं ३ नेतृत्व तथा क्षमता विकास तालिम</td><td>७३०००</td></tr>
<tr><td>२७९।२०७९।०१।०४</td><td>वडा नं २ महिला तथा बालबालिका क्षमता अभिवृद्धि कार्यक्रम</td><td>१५००००</td></tr>
<tr><td>३३०।२०७९।०१।२२</td><td>कानुनी सचेतना पाठशाला कार्यक्रम</td><td>१५००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>३७३०००</td></tr></table></td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>तालिम गोष्ठी तथा क्षमता अभिकृद्धि कार्यक्रम<br><br>पालिकामा विभिन्न तालिम, गोष्ठी, अभिमुखीकरण तथा क्षमता अभिकृद्धि कार्यक्रम सञ्चालन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेशले खर्चको मापदण्ड जारी गरेको छ। मापदण्डमा प्रशिक्षकलाई पारिश्रमिक भुक्तानी गर्दा कार्यपत्र संलग्न गरेर भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख छ। तालिम, गोष्ठी, अभिमुखीकरण सञ्चालन गर्दा तालिमको उद्देश्य तथा प्रकृति बमोजिम सहभागीको नामावली संकलन, विषयवस्तुको छनौट, विषयवस्तुका जानकार र विज्ञको व्यवस्थापन, तालिम सामग्री तथा तालिम हलको व्यवस्थापनका सम्बन्धमा पर्याप्त गृहकार्य गर्नु पर्ने हुन्छ। पालिकाले विभिन्न तालिम, गोष्ठी, अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरेकोमा अधिकांश कार्यक्रममा आवश्यकता तथा क्षमता भन्दा बढी सहभागी समावेश गरेको, कार्यक्रमको तालिका तथा विषयसूची नबनाएको, तालिमको विषयवस्तु अनुसारको विज्ञ छनौट नगरेको, कर्यपत्र तयारी नगरेको साथै प्रशिक्षकलाई कार्यपत्र बेगर नै प्रशिक्षण भत्ता भुक्तानी गरेको देखियो। त्यसै गरी नर्मसको प्रयोग र पालनामा समेत एकरुपता देखिएन। पालिकाले तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्डलाई कडाइका साथ प्रयोग गर्नुपर्ने देखिन्छ।त्यसै गरी तालिम सञ्चालन पश्चात तालिमको उपलब्धी तथा सोवाट सिर्जित रोजगारी तथा राजश्व आम्दानी सम्बन्धमा हालसम्म कुनै प्रतिवेदन तयारी गरेको देखिदैन। हरेक वर्ष तालिम तथा कार्यक्रममा खर्च हुँदै आएकोमा सोको समिक्षा गरी उत्पादन तथा रोजगारी वृद्धि गर्ने प्रकृतिका तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।<table>
<tr><td>गो भौ नं मिति</td><td>तालिमको विवरण</td><td>खर्च रकम</td></tr>
<tr><td>७६।२०७८।१०।१६</td><td>वडा नं ३ नेतृत्व तथा क्षमता विकास तालिम</td><td>७३०००</td></tr>
<tr><td>२७९।२०७९।०१।०४</td><td>वडा नं २ महिला तथा बालबालिका क्षमता अभिवृद्धि कार्यक्रम</td><td>१५००००</td></tr>
<tr><td>३३०।२०७९।०१।२२</td><td>कानुनी सचेतना पाठशाला कार्यक्रम</td><td>१५००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३७३०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>एउटै विद्यालयलाई सहयोग<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता अपनाउनुपर्ने व्यवस्था छ। साथै प्रदेश सरकार गण्डकी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि बमोजिम कार्यालयबाट अन्य निकाय वा व्यक्तिलाई अनुदान वा सहयोग वितरण गर्दा समानताको सिद्धान्त अनूरूप दोहोरो नपर्ने किसिमले गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेको शुक्लागण्डकी मा वि लाई विभिन्न शिर्षकमा पटक पटक सहयोग गरेको देखियो।गो भौ नं ५०६ बाट वातावरणमैत्री कक्षाकोठा व्यवस्थापन कार्यक्रम वापत रु ५००००० सहयोग प्रदान गरेकोमा पुःन गो भौ नं ५१० बाट रंगरोगन तथा मर्मत खर्च वापत रु ४४२११२। खर्च गरेको देखियो। पटक पटक विभिन्न शीर्षकबाट एउटै विद्यालयलाई खर्च रकम भुक्तानी दिनु भन्दा वास्तविक जरुरत आवश्यकताका आधारमा खर्च भुक्तानी गर्नु मितव्ययिता एवं प्रभावकारिताका दृष्टिले उपयुक्त देखिन्छ। यस विषयमा पालिकाले ध्यान पुर्याउनु पर्दछ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>क्षमता अभिकृद्धि कार्यक्रम</td><td>०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>*..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९ । १२ ।१६ को निर्णयबाट रु. ६०००।- सम्परीक्षण गरिएको ।)*</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>**अक्षयकोष स्थापना**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको काम कर्तव्य अधिकारको व्यवस्था रहेको छ। जसअनुसार स्थानीय तहले आधारभुत तथा माध्यामिक तह सम्मको शैक्षिक व्यवस्थापनमा केन्द्रित भई कार्यसम्पादन गर्नुपर्नेमा पालिकाले माछापुच्छ्रे गाउँपालिकामा अवस्थित पृथ्वीनारायण मा वि. लाई अक्षयकोष स्थापना वापत रु.५०००००।०० निकासा दिएको छ। यसरी कानुनवाट स्थानीय तहलाई आधारभुत तथा माध्यामिक तहसम्मको शैक्षिक व्यवस्थापनको अधिकार प्रदान गरिएकोमा पालिकाको क्षेत्रवाहिर विद्यालयको अक्षयकोष स्थापना गर्नु रकम निकासा गर्न नियमसंगत नदेखिएको रु.....</td><td>५००,०००</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>**न्यूनतम सेवा मापदण्ड कार्यक्रमको बिल भरपाई**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपदफा १० बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।गो भौ नं २४०।२०७८।१२।०२ मा लाहाचोक स्वास्थ्य चौकीलाई स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड पूरा गर्न आवश्यक अनुदान सहयोग वापत रु २०००००।०० खर्च लेखेको तर बिल भरपाई पेश नभएकोले खर्च भएको प्रमाण पेश गर्नुपर्ने रु..</td><td>२००,०००</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>**विद्यालय खेलकुद पोशाक**<br><br>*..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९ । १२ ।१६ को निर्णयबाट रु. १७५९५ ।- सम्परीक्षण गरिएको ।)*</td><td>०</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>**औषधी खरिदमा फरक दर**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता अपनाउनुपर्ने व्यवस्था छ ।पालिकाले गो भौ नं ३७९ मा माउन्ट अन्नपुर्ण फार्मेसिबाट रु ४९९९५९। औषधि सोझै खरिद गरेकोमा संघिय सरकारबाट हस्तान्तरित चालु को गो भौ नं ९७।२०७८।१२।२५ को ठेक्का नं 8-NCB/MRM/GOODS/078-079 मा चिराग फार्मेसीबाट खरिद गरिएका औषधिहरुको मुल्य भन्दा बढी मुल्यमा खरिद गरेको देखियो ।पालिकले औषधी तथा सरसामान खरिद गर्दा मितव्ययिता अपनाउने किसिमले गर्नुपर्दछ ।<br><table><tr><th>सि नं</th><th>औषधीको नाम</th><th>खरिद परिमाण</th><th>चिराग फार्मेसीको दर</th><th>अन्नपूर्ण फार्मेसीको दर</th><th>फरक दर</th><th>फरक रकम</th></tr><tr><td>१</td><td>lignocaine 2% injection</td><td>५०</td><td>०.०१</td><td>५५</td><td>५४.९९</td><td>२७४९</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>paracetamol 500 mg tablet</td><td>१००००</td><td>०.०१</td><td>०.९६</td><td>०.९५</td><td>९५००</td></tr>
<tr><td>३</td><td>azithromycin 500 mg tab</td><td>३५००</td><td>२२</td><td>२८</td><td>६</td><td>२१०००</td></tr>
<tr><td>४</td><td>amoxycillin 500 mg cap</td><td>५०००</td><td>५.५</td><td>७</td><td>१.५</td><td>७५००</td></tr>
<tr><td>५</td><td>providine Iodine solution</td><td>६०</td><td>०.०१</td><td>३९०</td><td>३८९.९९</td><td>२३४००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>६४१४९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>
डकुमेन्टरी निर्माण<br><br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने र ६९ मा कार्य क्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ र ७० मा बीस लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र वीस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ। निम्नानुसारका फर्महरुसंग पालिका तथा वडागत डकुमेन्टरी निर्माणको लागि परामर्श सेवा खरिदमा TOR र Cost Estimate तयार बेगर खरिद गरेको छ। पालिका र वडागत छुट्टाछुट्टै डकुमेन्टरी निर्माण गर्नुपर्दा एकमुष्ट लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा तोकिए बमोजिम कार्यक्षेत्रगत शर्त र सोको आधारमा लागत अनुमान तयार नगरी खर्च गरेको अनियमित देखिएको रु...
<table>
<tr><th>गो भौ नं मिति</th><th>फर्म संस्थाको नाम</th><th>कामको विवरण</th><th>रकम</th></tr>
<tr><td>४५१।२०७९।०३।१५</td><td>चित्रो नेपाल प्रा लि</td><td>गाउँपालिका डकुमेन्टरी निर्माण</td><td>४९७७६५</td></tr>
<tr><td>४५९।२०७९।०३।१७</td><td>म्याक्सोन फोर डि स्टुडियो</td><td>वडा नं १ डकुमेन्टरी निर्माण</td><td>१४९०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६४६७६५</td></tr>
</table>
</td><td>६४६,७६५</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>
अनुगमन भत्ता<br><br>
...........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९ । १२ । १६ को निर्णयबाट रु. १९५५० ।- सम्परीक्षण गरिएको ।)
</td><td>०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **स्यानीटरी प्याडः**<br><br>*...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु. ६२२६२१।- सम्परीक्षण गरिएको ।)* | ० |
| ४१ | | | **सम्झौता अनुसारको कार्य नभएकोः**<br><br>सार्वजानकि खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजानिक निकायले रनिङ विल वा अन्य विल बिजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम गर्नुपर्नु व्यवस्था छापालिकाले मर्मत सम्भार कोष अन्तर्गत गो.भौ.न. २१,२०७९।०३।१६ मा गोरुगौडा सडकको नाला र पानपाते सडकको नाला निर्माण तथा वाटो ढलानको लागि सुनापति हिलेदेवी कन्स्ट्रक्सन प्रा.लि. सँग सम्झौता भएकोमा देहायका काममा BOQ मा उल्लेख भएको भन्दा बढी दरमा भुक्तानी भएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ६,१६६ |

| सि न | कामको विवरण | परिमाण | **BOQ** मा उल्लेखित दर | भुक्तानी भएको दर | फरक दर | रकम |
|---|---|---|---|---|---|---|
| १ | Earthwork in excavation for medium rock maxed soil. | ४७.३० घ मि | ७०५ | ७१० | ५ | २३६ |
| २ | Earthwork in excavation for BMS | १९.८० घ मि | ९५ | १०१ | ६ | ११८ |
| ३ | Bolder soling & leveling | १५.४६ घ मि | ४२०० | ४३१५ | ११५ | १७७८ |
| ४ | PCC works 1:1.5:4 | १४.४९ घ मि | १२८०० | १२८९७ | ९७ | १४०५ |
| ५ | Reinforcement bar for RCC works | ४९७.८८के जि | १२३ | १२४ | १ | ४९८ |
| ६ | Stone masonry works including 1:4 c/s | १५.२९ घ मि | १२५९३ | १२५०० | ९३ | १४२२ |
| जम्मा | | | | | | ५४५७ |
| मु अ कर | | | | | | ७०९ |
| कुल जम्मा | | | | | | ६१६६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br><br>स्थानिय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारको प्रत्याभूति गराउन एवम सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उदेश्यले स्थानिय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। गाँउपालिकामा यस बर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नेपाल सरकारको सशर्त कार्यक्रम अन्तर्गत रु. ८१८१०००।०० रकम विनियोजन भएकोमा विभिन्न वडामा योजना छनोट गरी रु ४८६२०७९।०० खर्च गरेको छ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रको वडाहरुमा गोरेटो बाटो, सिढीँ निर्माण, प्रतिक्षालय निर्माण गर्ने कार्यक्रम सञ्चालन गरी यस वर्ष ११० जनालाई रोजगारी उपलव्ध गराई ज्याला वापत रु. ३८५२६२९।०० खर्च गरेको छ।लक्षित वर्गलाई ६१ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन। | |
| ४३ | | | **औषधी खरिदः**<br><br>औषधी खरिदका लागि सर्शत अन्तर्गत रु.१४,००,००० र पालिकाले रु. १०,००,००० विनियोजन गरी कुल २४,००,००० मा रु.२३९९९९४।०० को लागत अनुमान तयार गरी इबिडिङको प्रक्रियाबाट बोलपत्र परेका ५ मध्ये सवैभन्दा घटी रु. १०३०५६७।४८ (४२.९४% घटी) कबोल गर्ने चिराग फार्मेसी प्रा.लि. सँग ठेक्का न. 8NCB।MRM।GOODS।2078।79 अनुसार सम्झौता गरी खरिद गरेको छ। यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छनः<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि हो, होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• म्याद नाघ्न लागेका तथा म्याद नाँघी डिस्पोजल गर्नुपर्ने र गरेका औषधीको एकिकृत अभिलेख नराखेको,<br>• पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको, तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ४४ | | | **ननफाइलरः**<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मुल्य अभिबृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तारिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले गो.भौ.न. १२०,२०७९।०१।१६ मा सफ्टवयेर हव नेपाललाई घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर संचालन वापत रु. ८१८१२०।०० भुक्तानी गरेकोमा आन्तरिक राजस्व विभागको वेभसाइटमार्फत प्यान सर्च गरी हेर्दा उक्त निर्माण कम्पनी लेखापरीक्षण अवधी (२०७८।०८।२८) सम्म मिति २०७८।M।१० बाट ननफाइलर रहेकोले मु अ कर वापतको रु. ९४१२० रकमको सम्बन्ध भएको मु अ कर समायोजन पत्र पेश गर्नुपर्ने रु. | ९४,१२० |
| ४५ | | | **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाः** | ५९,८३५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७ अन्तर्गत ७.१ मा परियोजनाबाट सम्बन्धित पकेट, ब्लक, जोन, र सुपरजोनमा उपलब्ध हुने सुविधाको व्यवस्था गरिएको छ। जसअनुसार परियोजना कार्यान्वयन गर्दा उत्पादनका सामग्रीहरु (विउ, वेर्ना, विरुवा, माछाभुरा तथा पशुनश्ल लगायत) मा वढीमा ५० प्रतिशत, प्रविधिक सहयोगमा १०० प्रतिशत, प्रयोगशाला सेवाहरुमा बढीमा ८५ प्रतिशत र कृषि औजार उपकरणहरु बढीमा ५० प्रतिशत अनुदान दिन सक्ने व्यवस्था छ। पालिकाले प्रतिभा सामाजिक महिला सहकारी, भेडावारी दुग्ध उत्पादन सहकारी, घाचोक दुग्ध उत्पादन सहकारी, माछापुच्छ्रे एकता दुग्ध सहकारी र पिपलवोट दुग्ध उत्पादक सहकारीलाई पशु आहारा मिसन कार्यक्रम अन्तर्गत फिल्ड सप्लिमेन्ट तथा घाँसको विउ रु. ११९६७० मा खरिद गरी वितरण गरेकोमा परियोजना कार्यान्वयन म्यानुअल बमोजिम ५०% लागत साझेदारी नभएकाले सम्बन्धीबाट असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>कृषि तथा पशु तर्फ अनुदानः<br><br>सरकारी अनुदान रकम वितरण, सहयोग सही एवंम समुचित तरिकाले गरी खर्च सार्वजानिकीकरण एवंम अनुमोदन हुनु पर्दछ र सो को प्रभावकारिता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन एवंम उत्पादकत्व बृद्धि भए नभएको सम्बन्धमा प्रतिवेदन तयार गर्नुका साथै अनुदान वितरण गर्दा जग्गाको स्वामित्त्व, प्रभावकारिताको विश्लेषण गरी मात्र वितरण गर्नु पर्दछ। यस वर्ष पालिकाबाट संचालित व्यक्तिगत समुहगत अनुदानका मुख्य कार्यक्रमहरु देहाय वमोजिम छनः
<table>
<tr><th>गो भौ न</th><th>विवरण</th><th>अनुदानग्राहीको नाम</th><th>रकम</th></tr>
<tr><td>१२</td><td>कृषि विउ विजन वितरण</td><td>विभिन्न</td><td>७००००</td></tr>
<tr><td>२११</td><td>बाख्रा पकेट कार्यक्रम निरन्तरता</td><td>सार्दीखोला बाख्रा पालन कृषक समुह</td><td>१३०९५०</td></tr>
<tr><td>२११</td><td>बाख्रा पकेट कार्यक्रम निरन्तरता</td><td>गायत्री विउ उत्पादन महिला कृषक समुह</td><td>१४५५००</td></tr>
<tr><td>२११</td><td>बाख्रा पकेट कार्यक्रम निरन्तरता</td><td>धिताल बाख्रा पालक कृषक समुह</td><td>१३३०२५</td></tr>
<tr><td>२११</td><td>बाख्रा पकेट कार्यक्रम निरन्तरता</td><td>सैतिमर्दा कृषि सहकारी संस्था लि.</td><td>१३५४५०</td></tr>
<tr><td>३५०</td><td>५०% अनुदानमा मिसिनरि औजार</td><td>विभिन्न</td><td>४४३७५०</td></tr>
<tr><td>३५६</td><td>मिनिटेलर खरिद गरि वितरण</td><td>विभिन्न</td><td>२४७५००</td></tr>
<tr><td>३५७</td><td>५०% अनुदानमा प्लाष्ट्रिक टनेल वितरण</td><td>विभिन्न</td><td>५०९६०२</td></tr>
<tr><td>४९२</td><td>५० प्रतिशत हाते ट्याक्टर खरिद गरी वितरण</td><td>विभिन्न</td><td>४७६५००</td></tr>
<tr><td>४९१</td><td>प्लाष्ट्रिक टनेल अनुदान</td><td>विभिन्न</td><td>१०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२३९२२७७</td></tr>
</table>
यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेका छनः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | (क) अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।<br>(ख) अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन।साथै वाख्राको खोर सुधार कार्यक्रम, कुखुराको खोर सुधार कार्यक्रम तथा पलास्टिक टनेल निर्माण कार्यमा निर्माण सामाग्री खरिदको विलको आधारमा अनुदान वितरण भएको र निर्माण कार्यको प्राविधिक मुल्यांकन नभएकोले अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन<br><br>(ग) पालिकाले एकै प्रकृतीका अनुदान कार्यक्रम विभिन्न वडा तथा पालिकावाट सञ्चालन गरेको भएता पनी कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ।साथै मापदण्डमा एकरुपता नहुँदा कुनै वडामा एउटै प्रकृतीको कार्यक्रममा लागत सहभागिता र कुनै वडामा शतप्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ। | |
| ४७ | | | **वितरण भरपाई पेश नभएको:**<br><br>गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार खर्च गर्दा प्रचलित कानूनले तोके बमोजिमको रीत पुगे नपुगेको परीक्षण गरी खर्च गर्नुपर्ने साथै बिल भर्पाइ खर्चको पुस्ट्याई हुनेगरी राख्नुपर्ने व्यवस्था छ ।पालिकाले गो भौ न ३५७, २०७९।०२।०५ मा ५०% अनुदानको २१३ ओटा प्लाष्ट्रिक टनेल रु. ४७८५ का दरले खरिद गरी वितरण गरेकोमा २०८ वटा प्लाष्टिक टनेलको मात्र वितरण भरपाई भएकोले वाँकी ५ टनेलको रु. २३९२५ को वितरण भरपाई पेश हुन पर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | २३,९२५ |
| ४८ | | | **जिल्लादर रेट भन्दा बढी दरमा खरिद:**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्य तथा मालसामान खरिद गर्दा स्विकृत नर्म्स तथा जिल्ला दररेटका आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गो भौ नं १७ ०७९।०१।२२ मा हरियाली बिज भण्डारबाट ५० प्रतिशत अनुदानमा मनकामना मकै विउ खरिद गर्दा जिल्ला दररेट रु ९०।०० रहेकोमा जिल्ला दररेट भन्दा बढी दर रु १४० मा ६०० केजी विउ खरिद गरी रु ४४००० भुक्तानी भएकोमा जिल्ला दररेट भन्दा बढी रकम सम्बन्धित बाट असुल गरी दाखिला गर्नुपर्ने रु | १५,००० |
| ४९ | | | **निर्मित संरचना प्रयोग विहिन भएको:**<br><br>निर्माण व्यवसायीले संझौता गरिसकेपछि संझौताको अवधिभित्र तोकिएको काम समयमै सम्पन्न गर्नुपर्दछ। कार्यालय र जि सि कन्ट्रक्सन एण्ड विल्डर्ससंग मिति २०७८।०२।३१ मा भएको सम्झौता अनुसार खोरामुख खानेपानी ट्याङ्की निर्माण कार्य रु.२९१९०५२।०० कवोल अंकमा मिति २०७८।०३।२५ सम्ममा सम्पन्न गरिसक्नुपर्नेमा दुई पटक गरी ०७९।०२।२३ सम्म म्याद थप गरेकोमा ५३ प्रतिशत मात्र प्रगती भई भौ नं ३७१।०७९।२।११ मा १५३००२४।०० भुक्तानी भएको देखिन्छ।खानेपानी ट्याङ्कीको वेश र वालको कार्य भइसकेको र डोम ढलानको तयारी स्वरुप डण्डी तथा फर्माको कामपश्चात म्याद थप र वजेट विनियोजन नभएकोले आयोजना अलपत्र अवस्थामा देखिन्छ।आयोजनाको नाममा रु.१५३००२४।०० भुक्तानी गरिसकेपश्चात उक्त संरचनाको अवस्था सम्वन्धमा निर्णय नगरी अलपत्र पार्न उचित देखिदैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | |  | |
| ५० | | | **जालीको प्रयोग नखुलेको:**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,2076 को दफा 28 अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामानको सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले भौ नं ०३।०७८।०५।०३ वाट **2*1*1** साइजको ८०५ थान ग्याविन खरिद गरी अध्यक्षको तोक आदेशमा वितरण भएकोमा सम्वन्धित स्थानमा प्रयोग भए नभएको एकिन गर्न सकिएन। पालिकावाट तथा अन्य सार्वजनिक निकायवाट समेत कार्य गराँउदा जालिको प्रयोग गर्ने गरी उपभोक्ता समितीवाट कार्य गर्न सकिने भएकोले उपभोक्ता समितीलाई समाग्री उपलव्ध गराउँदा दोहोरो गणना समेत हुन सक्ने देखिन्छ।तसर्थ उक्त जाली कुन कुन योजनामा प्रयोग भएको हो र सोको प्रयोग भएको सुनिश्चितता हुने गरी जडान भएको नापि किताव र प्राविधिक मुल्यांकन पेश गर्नुपर्ने रु.. | २,७५६,०७० |
| ५१ | | | **भिरकटेरा सडक खण्ड ग्याविन निर्माण:** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१.१</td><td></td><td></td><td>भिरकटेरा सडक खण्ड ग्याविन निर्माण कार्यको लागि मम्वा कन्ट्रक्सन प्रा लि र कार्यालयविच मिति २०७८।०१।२४ मा रु. ३०७२८०८।०० कवोल अंक कायम गरी २०७८।०३।२५ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा विभिन्न समयमा सम्झौता अवधिको ४.५ गुणा सम्म कार्यपालिकावाट म्याद थपको निर्णय गरी २०७९।१२।२२ मा भौ नं २५४ वाट अन्तिम भुक्तानी रु. ९८६१९०।०० भुक्तानी गरेको देखिन्छ।यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन।<br>· नापि किताव स्पष्ट नभएको: सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।कार्यालयले निर्माण व्यवसायिलाई भुक्तानी गरेको अन्तिम भुक्तानी विलको नापि किताव परीक्षण गर्दा प्रथम विल, नापि किताव तथा विलमा उल्लेखित कामको परिमाण देहायवमोजिम फरक फरक देखिएकोले वास्तविक कार्य एकिन गर्न सकिएन।कार्यलयले यस सम्वन्धमा छानविन गरी यथार्थता एकिन गर्नुपर्ने देखिएको.<br>
<table>
<tr><th>कामको विवरण</th><th>प्रथम नापि कितावको परिमाण</th><th>अन्तिम नापि कितावको परिमाण</th><th>अध्यावधिक तथा भुक्तानीमा उल्लेखित परिमाण</th><th>भुक्तानी दर</th><th>जम्मा विलमा भुक्तानी</th></tr>
<tr><td>माटो खन्ने कार्य</td><td>१५०९</td><td>-८१२</td><td>६९७</td><td>१००</td><td>६९७२५</td></tr>
<tr><td>माटोले पुर्ने कार्य</td><td>६०३</td><td>-४१३</td><td>१९०</td><td>१००</td><td>१९०९०</td></tr>
<tr><td>जालिको काम</td><td>४७०</td><td>३००</td><td>७७०</td><td>३३००</td><td>२५४२६५०</td></tr>
<tr><td>जियोटेक्सटायल</td><td>३२०</td><td>५५.२</td><td>३७५</td><td>९५</td><td>५६२८०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>२६८७७४५</td></tr>
<tr><td colspan="2">मु अ कर समेत जम्मा</td><td></td><td></td><td></td><td>३०३७१५१</td></tr>
</table></td><td>९८६,१९०</td></tr>
<tr><td>५१.२</td><td></td><td></td><td>ननफाइलर: मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ।कार्यलयले भिरकटेरा सडक खण्ड ग्याविन निर्माण कार्यको लागि मम्वा कन्ट्रक्सन प्रा लि संग सम्झौता गरी अन्तिम विल वापत भौ नं ९८६१९०।०० भुक्तानी गरेकोमा आन्तरिक राजश्व विभागको वेभसाइटमार्फत प्यान सर्च गरि हेर्दा उक्त निर्माण कम्पनी मिति २०७७।M।११ वाट ननफाइलर रहेकोले मु अ कर वापतको रु.११३८४४।०० रकमको सम्वन्धित आन्तरिक राजश्व कार्यालयवाट जारी भएको मु अ कर समायोजन पत्र पेश गर्नुपर्ने रु.</td><td>११३,८४४</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>डि एल पि अभिलेख नभएको:<br><br>सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायीत्वको अवधि समाप्त भएपछि ड्रइङ्ग, डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ। त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम तयार भएको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वियन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| ५३ | | | **विशेष अनुदान पाइप खरिद**<br><br>विशेष अनुदान सम्वन्धि कार्यविधिको दफा ८ मा प्रदेश वा स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमका लागि अनुदान प्राप्त भएको हो सोहि आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले धिताल खानेपानी आयोजना तथा लाहाचोक खानेपानी आयोजनाको नाममा प्राप्त विशेष अनुदान सोहि योजनाको डि पि आर तथा सम्पुर्ण लागत अनुमान तयार नगरी पाइप खरिद गरि भुक्तानी गरेको तथा उक्त पाइप वडा कार्यालयमा स्टक रहेको जनाएको छ। आर्थिक वर्ष २०७७।७८ मा खर्च नभएको विशेष अनुदान वापतको रकम फिर्ता नगरी आ व २०७८।७९ मा दुई योजनाको लागि विभिन्न साइजको कुल ७५७५० मिटर पाइप खरिद गरी दुई छुट्टा छुट्टै ठेक्कामार्फत रु.१०८६१३९९।०० खर्च लेखेको छ।यसरी विस्तृत लागत अनुमान तथा डिपिआर वाहेक पाइप खरिद गरेकोमा उक्त पाइप सम्वन्धित योजनामा आवश्यक हो होइन सोलाई पुष्टी गर्ने विस्तृत योजना प्रतिवेदन र सोहि प्रतिवेदन अनुसार सम्वन्धित योजनामा जडान भएको प्राविधिक मुल्यांकन पेश गर्नुपर्ने | १०,८६१,३९९ |

| पाइपकोप्रकार | धिताल खा पा | लाहाचोक खापा | जम्मा पाइप मिटरमा |
|---|---|---|---|
| | पाइप लम्वाई | पाइप लम्वाई | |
| HDPE PIPE 40 mm | ३५०० मि | ३२००मि | ६७००मि |
| HDPE PIPE 63 mm | ५२००मि | ४५००मि | ९७००मि |
| HDPE PIPE 20 mm | १९८००मि | १५०००मि | ३४८००मि |
| HDPE PIPE 25 mm | १२००मि | १४५०मि | २६५०मि |
| HDPE PIPE 75 mm | १५००मि | २१००मि | ३६००मि |
| HDPE PIPE 90 mm | ५००मि | २१००मि | २६००मि |
| HDPE PIPE 32 mm | ४७००मि | ३७००मि | ८४००मि |
| HDPE PIPE 50 mm | ४३००मि | ३०००मि | ७३००मि |
| भुक्तानी रकम | ४९६४२६९ | ५८९७१३० | |
| जम्मा रकम | १०८६१३९९ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **चेनेजवाइज परिमाण नखुलेको:** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिकखरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्गविल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।कार्यालयले यस वर्ष कार्यान्वयन गरेका सम्पुर्ण योजनाहरुको माटो खन्ने कार्यको नापि कितावमा उल्लेखित परिमाण चेनेजवाइज नरम माटो, कडा माटो तथा कडा चट्टान नखुलाई सम्पुर्ण परिमाणमा निश्चित प्रतिशत छुट्टाई फरक फरक दरले भुक्तानी गरेको छ।यसरी चेनेज वाइज कार्यको विवरण नखुल्दा कहाँ कस्तो प्रकारको माटो खन्ने कार्य भएको हो एकिन गर्न सकिएन।कार्यालयले वास्तविक कार्य अनुसार चेनेजमा भएको कार्य देखिने गरि नापि किताव तयार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>खर्चको विल भरपाई नभएको:<br><br>..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भइ पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु. २४०००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>अत्याधिक म्याद थप:<br><br>निर्माण व्यवसायीले संझौता गरिसकेपछि संझौताको अवधिभित्र तोकिएको काम समयमै सम्पन्न गर्नुपर्दछ।कार्यालयले देहायवमोजिम ठेक्का समयमा सम्पन्न नभएको अवस्थामा सम्झौतामा उल्लेखित शर्तवमोजिम पुर्वनिर्धारित क्षतिपुर्ती लगाई सम्पन्न गराउनुपर्नेमा निर्माण व्यवसायीको अनुकुलनमा ५ पटकसम्म म्याद थप गरेको छ।निर्माण व्यवसायिले उचित कारण सहितको निवेदन पश्चात मात्र म्याद थपको निर्णय हुनुपर्नेमा विभिन्न मितिको कार्यापालिका वैठकवाट सम्पुर्ण ठेक्काको म्याद थप एकमुष्ठ रुपमा गरिएको देखिन्छ।समयमा काम नगर्ने निर्माण कम्पनीलाई लाइ पटक पटक म्याद थप गरिरहनु उचित देखिएन। समयमा काम सम्पन्न नगरे खरिद संझौता अन्त्य गर्ने गरी आवश्यक कारवाही गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>योजनाको नाम</th><th>निर्माण व्यवसायि</th><th>सम्झौता रकम</th><th>सम्झौता मिति</th><th>सुरु सम्पन्न मिति</th><th>म्याद थप मिति</th><th>कैफियत</th></tr>
<tr><td>आलदेखि देविको थान वाटो</td><td>त्रिपाठी वर्दश</td><td></td><td>२०७७।८।४</td><td>२०७७।१०।१५</td><td>२०७८।१०।१५</td><td>२ महिनाको काम १२ महिना थप</td></tr>
<tr><td>भिरकटेरा सडक खण्ड ग्याविन</td><td>मम्वा कन्ट्रक्सन</td><td>३०७२८०८</td><td>०७८।१।२४</td><td>०७८।३।२५</td><td>०७८।१२।३०</td><td>२ महिनाको काम ९ महिना थप</td></tr>
<tr><td>गुरुगौडा गापा समिवगर सडक</td><td>त्रिपाठी वर्दश</td><td>१११६८७३०</td><td>०७७।७।२३</td><td>०७७।१२।३१</td><td>०७९।१।३१</td><td>५ महिनाको काममा १३ महिना म्याद थप</td></tr>
<tr><td>पानपाते शुक्लागण्डकी योजना क्रमागत</td><td>कश्यप निर्माण सेवा एण्ड सप्लायर्स प्रा लि</td><td>२०४७०७६९</td><td>२०७७।१०।२१</td><td>२०७८।०३।२५</td><td>२०७८।१२।२५</td><td>५ महिनाको काम १४ महिना थप</td></tr>
</table></td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>पुर्वनिर्धारित क्षतिपुर्ती:<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायिले सम्झौता वमोजिमको म्यादभित्र कार्य नगरेमा प्रतिदिन ०.०५ प्रतिशतले पुर्वनिर्धारित क्षतिपुर्ती लगाउन सकिने व्यवस्था रहेको छ। माछापुच्छ्रे गाउँपालिका र त्रिपाठी वर्दश कन्ट्रक्सन प्रा लि विच मिति २०७७।०८।०४ मा आलदेखि देविको थान वाटो निर्माण कार्यको सुरु सम्पन्न मिति २०७७ माघ १५</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रहेकोमा कार्यापालिकाको निर्णयवाट प्रथम पटक ६ महिना र दोस्रो तथा तेस्रो र चौथो पटक ३।३ महिना गरी १५ महिना म्याद थप भएको भएको देखिन्छ। निर्माण व्यवसायीले समयमै कार्य नगरेमा कारवाही गर्नुपर्ने तथा पुर्वनिर्धारित क्षतिपुर्ती लगाउनुपर्ने व्यवस्था भएकोमा सो नगरी पटक पटक म्याद थप गर्नु उचित देखिदैन। कार्यालयले समयमै कार्य नगर्ने निर्माण व्यवसायिलाई जिम्मेवार वनाई समयमै कार्य सम्पन्न गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>सडक निर्माणको ट्याककोटमा वढी भुक्तानीः<br><br>भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टण्डर्ड स्पेशिफिकेशन २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्यचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४० देखि ०.६० लिटर र नया सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमा प्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर ट्याककोट लाग्ने उल्लेख गरेको छ। यस नगरपालका अन्तर्गत उपभोक्ता समिति मार्फत सम्झौता भई निर्माण कार्य गराएको नयाँ सडकको कालोपत्रे गर्ने कार्यका लागि विटुमिन तथा प्राइम कोट प्रयोग गरेको प्रति वर्ग मी क्षेत्रफलमा १ लिटर सम्म ट्याक कोट खर्च लेखि भुक्तानी गर्ने गरेको पाइयो। सडक विभागको उपरोक्त नर्म्स अनुसार विटुमिनस तथा प्राइमकोट खपतको ५० देखि ६० प्रतिशत मात्र ट्याककोटको खर्च लाग्ने र सोही बमोजिम मात्र खर्च लेख्नु पर्ने उल्लेख भएकोले तपसिलका कालोपत्रे सडकमा नर्म्स भन्दा बढी ट्याककोटको खर्च लेख्दा रु २७७७१४।०० बढी भुक्तानी भएको रकम उपभोक्ता समिति बाट असुल हुनुपर्ने रु....
<table>
<tr><th>गो भौ नं</th><th>योजनाको नाम</th><th>प्राइम कोटमा लागेको विटुमिन (लिटर)</th><th>ट्याककोट दिएको (लिटर)</th><th>ट्याक कोट दिनु पर्ने (लिटर) (६० प्रतिशत)</th><th>ट्याक कोट वढी लिएको लिटर</th><th>ट्याककोट को दर प्रति लिटर (मुअकर समेत)</th><th>उपभोक्ताको अंशपश्चात बढी भुक्तानी (६० प्रतिशत)</th></tr>
<tr><td>३४९</td><td>गुरुगौडा गा पा समिवगर सडक</td><td>४९९७</td><td>३६४८</td><td>२९९८</td><td>६५०</td><td>१०७.३५</td><td>६९७७६</td></tr>
<tr><td>४४३</td><td>डाँडा पाङदुङ वडा कार्यालय हिमालिचोक सडक</td><td>३८४७</td><td>२८०८</td><td>२३०८</td><td>५००</td><td>१४१.२५</td><td>७०६२५</td></tr>
